# सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# सरावल, नवलपरासी (बर्दघाट — सुस्ता पश्चिम)
# लुम्बिनी प्रदेश, नेपाल

**सरावल गाउँपालिका भएर बग्ने धनेवा खोलाको बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्री रूपले पाङ्गो माटो उत्खनन् / सङ्कलन कार्य गर्नका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्वन्धी सार्वजनिक सूचना**

**प्रकाशित मिति २०८२।१०।१४**

सरावल गाउँपालिकाको कार्यालय, नवलपरासी (बर्दघाट — सुस्ता पश्चिम) द्वारा धनेवा खोलाको बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्री रूपले पाङ्गो माटो उत्खनन् / सङ्कलन कार्य कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सरावल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी (बर्दघाट — सुस्ता पश्चिम) |
| प्रस्तावको व्यहोरा | धनेवा खोलाको बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्री ढंगले पाङ्गो माटो उत्खनन् / सङ्कलन कार्य |
| प्रभाव पर्न सक्ने जिल्ला / गा.पा. | नवलपरासी (बर्दघाट — सुस्ता पश्चिम), सरावल गाउँपालिका वडा नं ५, ६, र ७ |

माथी उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिकाको वडाहरू तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ।

<u>राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:</u>

| | |
|---|---|
| प्रतावकको नाम र ठेगाना | प्रस्तावकको नामः सरावल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगानाः सरावल, नवलपरासी (बर्दघाट — सुस्ता पश्चिम)<br>फोन नंः ९८५७०४८९४३ (सूचना अधिकारी)<br>इमेलः info@sarawalmun.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | नामः बिल्डएरा कन्सल्टेन्सी प्रा.ली.<br>ठेगानाः पेप्सिकोला-३२, काठमाडौं, नेपाल<br>फोन नः +९७७-९८६९२८१९३६<br>इमेलः builderaconsulting2@gmail.com |